**कृषि विकास बैंक लि.**
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

# तेह्रौं वार्षिक साधारणसभाको निर्णय (संक्षिप्त)

(कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) को प्रयोजनको निमित्त प्रकाशित)

**सभाको अध्यक्षता :**
कृषि विकास बैंक लि.को तेह्रौं वार्षिक साधारणसभा बैंक सञ्चालक समितिका अध्यक्ष श्री क्षेत्रबहादुर सेंजुवालज्यूको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

**सभाको मिति, स्थान तथा समय :**
मिति : वि.सं. २०७६ पौष २७ (१२ जनवरी, २०२०)
स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।
समय : दिनको ११:०० बजे

**कूल उपस्थिति संख्या :**

| कूल शेयर कित्ता ९,०१,५५,२९० | स्वयं उपस्थित कित्ता संख्या ७,१४,५७२ | प्रतिनिधिपत्रमार्फत् उपस्थित शेयर कित्ता ४,५९,७०,७४४ | कूल उपस्थित शेयर कित्ता ४,६६,८५,३१६ | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| कूल शेयरधनी संख्या ३,५७,१६० (भौतिक तथा अभौतिक समेत गरेर) | स्वयं उपस्थित शेयरधनी संख्या ४३७ | प्रतिनिधिमार्फत उपस्थित शेयरधनी संख्या ५ | ४४२ | ५१.७८% |

**सभाको वैधानिकता :**
तेह्रौं वार्षिक साधारणसभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम सम्पूर्ण शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरुपको गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले सभासमक्ष प्रस्तुत गर्नुभयो । सभा बोलाउनका लागि प्रचलित कानुनी व्यवस्थाको पालना गरेको पाइएको र सभाका लागि आवश्यक गणपूरक संख्या समेत पुगेकाले अध्यक्षज्यूले आजको सभाको कामकारबाही सुरु हुने जानकारी गराई कम्पनी सचिव श्री हिमलाल पौडेललाई सभाको कार्य अगाडि बढाउन अनुमति दिनुभयो । तत्पश्चात कम्पनी सचिवले सभाको कामकारबाहीलाई अगाडि बढाउनु भयो ।

**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरू :**
सामान्य तथा विशेषतर्फको प्रस्तावहरू सभामा छलफलको लागि प्रस्तुत भएलगत्तै शेयरधनीहरू क्रमशः श्री व्यासकुमार शर्मा, श्री चन्द्रनारायण श्रेष्ठ, श्री दिलिपकुमार श्रेष्ठ, श्री भक्तिप्रसाद उप्रेती, श्री गुणराज भट्ट , श्री बासुदेव ओझा, श्री नरसिंह लाल चँखु र श्री कृष्णप्रसाद कस्यप समेत गरी ८ जना शेयरधनी महानुभावहरूले बैंकको कामकारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा छलफलका लागि ड्यासमा आई आ-आफ्ना राय, विचार, जिज्ञासा एवं सुझावहरू प्रस्तुत गर्नुभयो ।

**अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतबाट छलफलमा आएका विषयहरुको बारेमा जवाफ र प्रतिउत्तर**
यसको लगत्तै सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री क्षेत्रबहादुर सेंजुवाल र उच्च व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री अनिलकुमार उपाध्यायले शेयरधनीहरूले उठाएका प्रश्न, जिज्ञासा, राय, सुझाव एवं धारणाउपर बैंकको तर्फबाट जवाफ एवं प्रतिक्रिया दिनुभयो ।

**सभाको निर्णय**

**(क) सामान्य प्रस्तावहरू**
शेयरधनी महानुभावहरूले उठाउनुभएको प्रश्न, जिज्ञासा एवं सुझावका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले जवाफ/जानकारी दिनु भएपश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले सामान्य प्रस्तावको क्रमशः सूची नं. (१), (२), (३) ,(४) र (५) मा रहेको प्रस्तावलाई पारित गरिदिन एक/एक गरी सभासमक्ष प्रस्तुत गर्नुभएको र त्यसैअनुरुप सामान्य प्रस्तावको सम्बन्धमा देहायअनुसारको सर्वसम्मत निर्णय भयो :

१. निर्धारित विषयसूची नं. (१), सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भयो ।
२. निर्धारित विषयसूची नं. (२), लेखापरीक्षकको प्रतिवेदनसहितको २०७६ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७५/२०७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, इक्वटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू सर्वसम्मतिबाट पारित भयो ।
३. निर्धारित विषयसूची नं. (३), यस बैंकको सहायक कम्पनीहरू "कोष व्यवस्थापन कम्पनी लि." तथा "गोबर ग्यास कम्पनी" र सम्वन्धित कम्पनी "साना किसान विकास लघुवित्त वित्तिय संस्था लि." को आ.व. २०७५/७६ को वित्तीय विवरणसहितको एकीकृत वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित भयो ।
४. निर्धारित विषयसूची नं. (४), साधारण शेयरधनीहरूलाई प्रतिशेयर २४ प्रतिशत (रु.२,१६,३७,२६,९५०।४०) नगद लाभांश र अग्राधिकार शेयरधनीहरूलाई चुक्ता पुँजीको ६ प्रतिशत (रु.३२,५९,६२,७२०।-) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. निर्धारित विषयसूची नं.(५), लेखापरीक्षण समितिको सिफारिशबमोजिम आर्थिक वर्ष २०७६/०७७ का लागि लेखापरीक्षक नियुक्त गर्न महालेखा परीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएका चार्टर्ड एकाउन्टेन्ट श्री रजनीश दाहाल र चार्टर्ड एकाउन्टेन्ट श्री सुजनकुमार काफ्लेलाई लेखापरीक्षकमा नियुक्ति गर्ने एवं निजको पारिश्रमिक र सेवा शर्त स्वीकृतसम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन भयो ।

**(क) सेवा, शर्त सुविधाहरू**
१. पारिश्रमिकबापत लेखापरीक्षकलाई जनही रु. ९,०००,००।- अक्षरेपी नौ लाख रुपैयाँ मात्र (VAT सहित) का दरले २ दुई जनाको जम्मा रु.१८,००,००० ।- (अक्षरेपी अठार लाख रुपैयाँ) मात्र उपलब्ध गराउने ।
२. लेखापरीक्षकलाई Perdiem & Accommodation बापत काठमाडौं उपत्यका बाहिर काम गरेको दिनमा दैनिक रु.२,०००।- (अक्षरेपी दुई हजार रुपैयाँ मात्र) र अन्य सहयोगीलाई प्रतिदिन रु.१,८००।- (अक्षरेपी एक हजार आठ सय रुपैयाँ मात्र) तथा भ्रमण टिकट सुविधा उपलब्ध गराउने र काठमाडौं उपत्यकाभित्र काम गरेको दिनमा बैंकको नियामानुसार उपत्यका बाहिर उपलब्ध गराइने दरको आधा रकम मात्र उपलब्ध गराउने । यसका अतिरिक्त बैंकको नियामानुसार लेखापरीक्षण कार्य गर्दा उपलब्ध गराइने २५ (पच्चीस) प्रतिशत थप रकम समेत उपलब्ध गराउने ।
३. लेखापरीक्षकले बैंकसँग सम्झौता गरेको ७ (सात) दिनभित्र लेखापरीक्षणमा संलग्न हुने जनशक्ति विवरण समेतको विस्तृत योजना तथा कार्यक्रम (Audit Plan) पेश गर्नुपर्नेछ ।
४. मिति २०७७ असोज महिनाभित्र अन्तिम लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

(ख) लेखापरीक्षण कार्यलाई व्यवस्थित तुल्याउन बैंक व्यवस्थापन र बाह्य लेखापरीक्षकहरू श्री रजनीश दाहाल एवं चार्टर्ड एकाउन्टेन्ट श्री सुजन काफ्लेबीच उल्लेखित सेवा, शर्त र सुविधाहरूको अधिनमा रही आगामी वार्षिक साधारणसभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिबाट स्वीकृत भएपश्चात् निज लेखापरीक्षकहरूसँग सम्झौता गर्न व्यवस्थापनलाई निर्देशन दिने ।

**(ख) विशेष प्रस्ताव**
सामान्य प्रस्तावको उल्लेखित विषयहरूमा छलफल तथा निर्णय भएलगत्तै कम्पनी सचिवले विशेष प्रस्तावको निर्णयका लागि आवश्यक पर्ने संख्या सभाहलमा कायम रहेको सम्बन्धमा सभालाई जानकारी गराएलगत्तै विशेष प्रस्तावको सूचीमा रहेका प्रस्तावहरूलाई पारित गरीदिन एक-एक गरी निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा त्यसैअनुरुप देहायअनुसार सर्वसम्मत निर्णय भयो :

१. निर्धारित विषय सूची नं. (१) : साधारण शेयरधनीहरूलाई चुक्ता पुँजी रु. ९,०१,५५,२८,९६०/- को ६ प्रतिशतले हुने रकम रु. ५४,०९,३१,७३७/६०- बराबरको बोनस शेयर प्रदान गर्नेसम्बन्धी सञ्चालक समितिको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।
२. निर्धारित विषय सूची नं. (२) : विशेष प्रस्ताव नं. (१) बमोजिमको बोनस शेयर प्रस्ताव गरिएकोमा सो हदसम्म बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने विषयहरू समावेश गरिएको बैंकको प्रबन्धपत्र र नियमावलीको तत्सम्बन्धी दफा/नियम एवं उप-दफा/उप-नियमहरू संशोधन तथा थप गर्नेसम्बन्धी तीन महलेसहितको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।
३. निर्धारित विषय सूची नं. (३) : बैंकको प्रबन्धपत्रको दफा ५ को उप-दफा (१),(२) र (३) तथा दफा ७ को उपदफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्नेसम्बन्धी तीन महलेसहितको विशेष प्रस्ताव पेश गरिएअनुसार नै संशोधन/थप हुनेगरी सर्वसम्मतिले पारित भयो ।
४. निर्धारित विषय सूची नं. (४) : बैंकको नियमावलीको नियम ५ को उपनियम (१), (२) र (३), नियम ७ को उपनियम (१) को (क) र (ख), मा संशोधन तथा थप गर्नेसम्बन्धी तीन महलेसहितको विशेष प्रस्ताव पेश गरिएअनुसार नै संशोधन/थप हुने गरी सर्वसम्मतिले पारित भयो ।
५. निर्धारित विषय सूची नं. (६) : प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानुनबमोजिम संशोधन गर्नुपर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिनेसम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**धन्यवाद ज्ञापन तथा सभा बिसर्जन**
सभाको अन्त्यमा सभाको अध्यक्षता गरिरहनुभएका सञ्चालक समितिका अध्यक्ष श्री क्षेत्रबहादुर सेंजुवालज्यूले उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन भएको घोषणा गर्नुभयो । सभाको कामकारबाहीको विवरण (माइन्युट) विस्तृत रूपमा अध्ययन गर्न इच्छुक शेयरधनी महानुभावहरूले यस बैंकको वेभसाइट www.adbl.gov.np मा हेर्न वा मुख्य कार्यालय रामशाहपथमा आई हेर्न, अध्ययन गर्न वा प्रतिलिपि प्राप्त गर्न सक्नु हुनेछ ।

**हिमलाल पौडेल**
कम्पनी सचिव

**क्षेत्रबहादुर सेंजुवाल**
अध्यक्ष, सञ्चालक समिति